नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

**राष्ट्रिय आर्थिक गणना, २०८२ मा सहभागी बनौँ**

**आदरणीय महानुभावहरू,**

नेपाल सरकार अन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालय मार्फत देशभरका सम्पूर्ण उद्योग, व्यवसाय, संघ-संस्थाको वास्तविक अवस्था थाहा पाउन ***"अर्थतन्त्रको मापनको लागि आर्थिक गणना"*** भन्ने मूल नारासहित **"राष्ट्रिय आर्थिक गणना २०८२"** मिति २०८३ वैशाख २ देखि असार ७ गतेसम्म सञ्चालन हुदैछ।गणनामा प्रतिष्ठान/व्यवसायहरूको संख्या र यिनीहरूले सिर्जना गरेको रोजगारी तथा आय-आर्जनका विवरणहरू सङ्कलन गरिन्छ। प्राप्त तथ्याङ्कको आधारमा कूल गार्हस्थ उत्पादनको सुदृढ र यथार्थ अनुमान लगायत महत्वपूर्ण आर्थिक सूचकहरू तयार गरिनेछ। यसबाट प्रमाणमा आधारित नीति निर्माण तथा योजना तर्जुमा हुने विश्वास लिइएको छ। त्यसैले, यस राष्ट्रिय अभियानलाई व्यवस्थित, प्रभावकारी र सफल बनाउन सम्पूर्ण उद्यमी, व्यवसायी तथा सरोकारवाला संघ-संस्थालाई राष्ट्रिय तथ्याङ्क कार्यालय हार्दिक अनुरोध गर्दछ।